गोडैता नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# नीति तथा कार्यक्रम

आ.व.२०८३/०८४

गोडैता, सर्लाही

मधेस प्रदेश , नेपाल

मिति:२०८३/०३/१०

गोडैता नगरपालिकाकामा उपिस्तथित श्रीमान् प्रमुख अतिथि ज्यू , बिशिष्ठ अथिति ज्यु , उप-प्रमुख ज्यु, प्रमुख प्रशासकीय अधिकृत नगर सभा सदस्यहरु, आदरणीय अतिथिज्युहरु, जिल्लास्थित कार्यालयका प्रमुखहरु, सल्लाहकार, विभिन्न संघ संस्थाका प्रमुख तथ प्रतिनिधिहरु, पत्रकार तथा संचारकर्मीहरु, यस नगरपालिकाका कर्मचारीहरु , सूरक्षा निकायका सुरक्षाकर्मीहरु ,उपस्थिति सम्पू महानुभावहरु लगायत एफ.एम बाट प्रत्यक्ष प्रसारण सुनि रहनु भएका सम्पूण नगरबासीहरुमा गोडैता नगरपालिकाको १२ औ. नग अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

**गरिमामय नगरसभाका सदस्यहरु,**

गोडैता नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउद मलाई अत्यन्त खुशी लागेको छ |आदरणीय यस गोडैता नगरबासी आमा, बुवा, दाजुभाई, दिदी बहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रक गर्दछु । यस अवसरमा नेपाली जनताको अथक प्रयास, चाहना, विभिन्न कालखण्ड र समय समयमा प्रजातन्त्र, लोकतन्त्र, गणतन् र संघीयताको लागी २००७ सालको कान्ति, २०४६ सालको जन आन्दोलन, २०६२/६३ को जन आन्दोलन, मधेश, थरुव आन्दोलन लगायत जन स्तरवाट भए गरेका जन संघर्षमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । साथै विभिन्न आन्दोलनका घाइते तथा वेपता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

यस नगरको विकास, सुधार र समृधिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश कानून र स्थानीय सरकार संचालन ऐन २०७४, दिगो विकास लक्ष्य २०१५ देखि २०३०, जनसंख्या तथा विकास सम्मेलन १९९४ द्वारा प्रदत्त हक, अधिकार, जवाफदेहिताको प्रचलन गर्न तथ कानूनतः निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौ |गोडैता नगरको ""**समृद्ध गोडैता, सुशासित गोडैता, डिजिटल र आत्मनिर्भर गोडैता**"" सफल पार्न हामी सबैको पहिलो कर्तब्य हुनेछ | कृषिमा आधारित जीवन र अर्थतन्त्र गोडैता नगरको पहिलो सम्भावना रहेको छ | कृषिलाइ बैज्ञानिक, यान्त्रिक, व्यवसायीक बनाउदै जाँदा यसले स्वरोजगार प्राप्त गर्न सक्ने क्षेत्रको रुपमा परिचित हुनेछ | कृषि सित सम्बन्धित सबै व्यवस्थापन हाम्रो प्रस्थान विन्दु बनेको छ आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वन हुने भएकोले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ | जनता संग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने नगरपालिकाको प्रशासनिक भवन निर्माण, वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा बृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ | शिक्षा, स्वास्थ्य, रोजगारी, उधमशिलता, सामाजिक विकास, मानवसंसाधन विकास, इतिहास, लोक संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्न, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, बजार व्यवस्थापन, सार्वजनिक यतायात, खानेपानी तथ सरसफाई, विपद व्यवस्थापन, न्यायनिरुपण, मानव अधिकार प्रवर्धन, सबै खाले हानिकारक सामाजिक अभ्यासहरू विरुद्ध, बाल अधिकार संरक्षण र प्रवर्धन, लैङ्गीक तथा यौनिक अल्पसंख्यकको सवाल निरुपण जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु |

## आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको समिक्षा:

### शिक्षा

- **निरक्षरहरुको तथ्यांक संकलन गरी साक्षर पालिकाको घोषणाको प्रकृयामा गएको ।**
- **शैक्षिक गुणस्तर तथा १० बर्षे शिक्षाको मार्ग चित्रको लागी शिक्षा क्षेत्र योजना निर्माणको चरणमा रहेको ।**
- **SEE मा A+ ल्याउने बिधार्थीहरुलाइ प्रोत्साहन स्वरुप उच्च शिक्षाको लागी रु २५ हजार प्रदान गर्ने कार्यलाइ निरन्तरता दिने ।**

### कृषि

- **गहुको बिउ ५०% अनुदानमा कृषकलाइ वितरण गरेको ।**
- **कृषकहरुको आय आर्जन तथा विकोपार्जनमा सहयोग पुरयाउन माछा पकेट विकास कार्यक्रम सचालन गरिएको ।**
- **स्थानिय स्तरमा उत्पादित कृषि उपजहरुको सहज बिक्री वितरणको लागी कृषि बजार स्तरोन्नती कार्यक्रम संचालन गरिएको ।**
- **यस आ.व. को कृषी मिटरमा लाग्ने बिधुत महशुल भुक्तानी गरि अगामी आ. व. मा पनि सो कार्यमा निरन्तरता दिइने ।**

## महिला , बालबालिका तथा जेष्ठ नागरिक

- अपांगता भएको व्यक्तीको पहिचान गरि अपांगता कार्ड वितरण गरेको
- जेष्ठ नागरिकहरुको जेष्ठ नागरिक कार्ड वितरण गरेको
- बालबालिकाहरुको बृहतर हितको लागी बाल क्लव तथा नगर बाल संजाल गठन गरेको
- वडा न १ र १२ लाइ बाल बिबाह मुक्त वडा घोषणा गरेको ।

## सामाजिक सुरक्षा तथा पंजिकरण शाखा

- आ व २०८२।०८३ को प्रथम त्रैमासिक देखि चौथो त्रेमासिक सम्म सम्पूर्ण लाभग्राहीहरुको लगभग १००% EFT मार्फत भत्ता वि गरिएको ।
- वडा कार्यालयबाट हुने घटना दर्ताहरु सम्पूर्ण वडाबाट संचालन हुने गरि अनलाइन प्रणालीबाट सूचारु गरिएको ।
- चालु आ व मा सामाजिक सुरक्षा लाभग्राहीहरुको नविकरण पूर्ण रुपमा BIOMETRIC प्रणालीबाट गर्ने व्यवस्था सूचारु गरेको ।

## प्रशासन तर्फ

- नगरपालिकाको कर्मचारीको दरबन्दीको आवश्कता पहिचान गरि O&M सर्वे गराइ प्रदेश निजामति किताखानाबाट दरबन्दी तै स्वीकृत गराइएको ।
- कार्यलय तथा कर्मचारीहरुको अभिलेख आधुनिक तरिकाले अध्यावधिक गरिएको ।

## राजश्व

- पालिकाको आम्दानी तथा राजश्व केन्द्रियकरणका लागी Online system Sutra बाट राजश्व संक्लन गरिएको ।
- आ.व. २०८२/०८३ मा खडेरी परेको कारण मालपोत मिनहा गरेका हुदा आन्तरिक राजश्व संकलनमा कमी आएको ।

## गरिबी निवारणको लागी लघु उधम विकास कार्यक्रम

- ७५ वटा नयाँ उधमी सिर्जना गरि उक्त उधमीहरुलाइ उधम शिलता र शिप विकास तालिम दिइएको ।
- प्रबिधि हस्तनान्तरण गरिएको ।
- लघुबितमा पहुँच पुरयाएको ।

## आयूर्वेद

- "गरल योग रहल निरोग" नाराका साथ योग शिविर संचालन गरी सो समिति मार्फत निरन्तरता दिइएको
- लगभग २५०० बिरामीहरुको चेकजाँच गरि निःशुल्क रुपमा आयुर्वेद औषधी वितरण गरेको ।

## पशुपंक्षि सेवा तर्फ

- करिब ६००० पशुहरुको चेकजाँच गरि निःशुल्क रुपमा औषधी वितरण गरेको ।

## स्वास्थ्य शाखा तर्फ

- परिवार नियोजन स्थायी बन्धयाकरण शिविर संचालन गरि १४७ जनालाइ सेवा पुर्याएको ।
- किशोरीहरुको लागी HPV खोप संचालन गरि ९४१ जनालाइ सेवा पुर्याएको ।
- HPV /DNA विधिबाट पाठेघरको मुखको क्यान्सरको स्क्रिनिंग गरि २५६ जनाको VTM प्रदेश जनस्वास्थ्य प्रयोगशालामा पठाइएको
- ५ बर्ष मूनिको बालबालिका र गर्भवति सुत्केरीलाइ पोषणको लेखाजोखा गरेको ।

## भौतिक पूर्वधार/प्राबिधिक शाखा

- नारायण हरि मा वि सिसौटिया मन्हर्वामा १६ कोठे भवन निर्माण भएको ।
- नगरपालिकाको प्रशासकिय भवन निर्माण भएको ।
- १५ शैया नगर अस्पतालको निर्माण सम्पन्न गरि हस्तनान्तरण भएको ।
- गोडैता बजार र भगवतिपुर बजार ब्यवस्थापन गरिएको ।
- कृषि तथा पशुपंक्षि भवन निर्माण सम्पन्न गरि सेवा सूचारु भएको ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

- बैदेशिक रोजगारको क्रममा मृत्यू भएका कामदारहरुको सन्ततीलाइ उच्च शिक्षाको लागी बर्षेनि बैदेशिक रोजगार बोर्डलाइ सिफारिस गरि लाभान्वित गर्न सहयोग पुर्याएको ।
- बैदेशिक रोजगारमा जाने व्यक्तीहरुलाइ श्रम स्विकृतीमा सहजिकरण गरेको ।

गरिमामय सभाका सदस्यज्युहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु:
अव म आर्थिक वर्ष २०८३/०८४ नीति तथा कार्यक्रम यस गरिमामय नगरसभाको बैठक समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## उद्देश्य

- गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्ने।
- कृषि उत्पादन तथा रोजगारी वृद्धि गर्ने।
- आधारभूत पूर्वाधारको विस्तार गर्ने।
- शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षालाई प्रभावकारी बनाउने।
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापनलाई सुदृढ गर्ने।

### १. सुशासन तथा संस्थागत विकास

- "डिजिटल गोडैता नगरपालिका" अभियान सञ्चालन गरिने।
- सबै वडामा अनलाइन सेवा तथा विद्युतीय अभिलेख प्रणाली विस्तार गरिने।
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक लेखा परीक्षणलाई अविलम्वन गरिने।
- भ्रष्टाचार नियन्त्रण तथा पारदर्शिता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने।
- कर्मचारी तथा जनप्रतिमिधिको क्षमता विकास तालिम सञ्चालन गरिने।

### २. आर्थिक विकास तथा कृषि

- कृषि उत्पादन वृद्धि तथा व्यवसायीकरणलाई प्राथमिकता दिइने।
- धान, गहुँ, मकै, उखु , तरकारी तथा फलफूल पकेट क्षेत्रको विस्तार गरिने।
- सिँचाइ सुविधा विस्तार तथा कृषि विद्युतीकरणमा जोड दिइने।
- कृषि यान्त्रिकीकरण कार्यक्रम सञ्चालन गरिने।
- युवा कृषक तथा महिला कृषकलाई अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराइने।

- [illegible]
- कृषि उपज संकलन केन्द्र स्थापना गरिने।
- कृषि बीमा तथा पशु बीमा कार्यक्रमलाई प्रोत्साहन गरिने।

## ३. शिक्षा विकास

- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरिने।
- विद्यालयमा सूचना प्रविधि तथा स्मार्ट कक्षा विस्तार गरिने।
- छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाइने।
- शिक्षक क्षमता विकास तथा सिकाइ उपलब्धि अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने।
- विद्यालय छाड्ने दर न्यूनीकरण गरिने।
- प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्रोत्साहन गरिने।

## ४. स्वास्थ्य तथा पोषण

- आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार गरिने।
- मातृ तथा शिशु स्वास्थ्य कार्यक्रम सुदृढ गरिने।
- पोषणमैत्री नगरपालिका अभियान सञ्चालन गरिने।
- किशोरी स्वास्थ्य तथा सुरक्षित मातृत्व कार्यक्रमलाई निरन्तरता दिइने।
- नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिने।
- स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि तथा उपकरणको उपलब्धता सुनिश्चित गरिने।

## ५. पूर्वाधार विकास

- सबै वडामा सडक स्तरोन्नति कार्यक्रम सञ्चालन गरिने।
- पुल, कल्भर्ट तथा नाला निर्माणलाई प्राथमिकता दिइने।
- सुरक्षित खानेपानी तथा सरसफाइ कार्यक्रम विस्तार गरिने।
- सार्वजनिक भवन, स्वास्थ्य संस्था तथा विद्यालय पूर्वाधार सुदृढीकरण गरिने।
- सडक बत्ती तथा सीसीटिभी विस्तार गरिने।
- बजार क्षेत्रको व्यवस्थित विकास गरिने।

## ६. युवा, खेलकुद तथा रोजगार

- युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिने।
- सीप विकास तथा उद्यमशीलता तालिम प्रदान गरिने।
- खेलकुद प्रतियोगिता सञ्चालन गरिने।
- वैदेशिक रोजगारबाट फर्केका युवालाई उद्यमशीलता कार्यक्रममा सहभागी गराइने।
- स्टार्टअप तथा साना उद्योग प्रवर्द्धन गरिने।

## ७. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

- महिला सशक्तीकरण तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिने।
- बालमैत्री स्थानीय शासन कार्यक्रमलाई प्रभावकारी बनाइने।

## समृद्ध गोडैता निर्माणका प्रमुख आधारहरू:

- आधुनिक तथा व्यवसायिक कृषि प्रणालीको विकास।
- कृषि उत्पादनको बजारीकरण र मूल्य शृङ्खलाको विस्तार।
- साना तथा घरेलु उद्योगको प्रवर्द्धन।
- उद्यमशीलता विकास तथा स्वरोजगारका अवसर सिर्जना।
- गुणस्तरीय सडक, सिंचाइ, विद्युत, खानेपानी तथा अन्य पूर्वाधारको विकास।
- शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षामा सबैको पहुँच।
- लगानीमैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको सहभागिता वृद्धि।
- महिला, युवा, दलित, विपन्न तथा पिछडिएका समुदायको आर्थिक सशक्तीकरण।

## अपेक्षित उपलब्धि

- नागरिकको प्रतिव्यक्ति आय वृद्धि।
- बेरोजगारी तथा गरिबीमा कमी।
- कृषि उत्पादन तथा स्थानीय उद्योगको विस्तार।
- नगरपालिकाको आन्तरिक आयमा वृद्धि।
- समग्र आर्थिक गतिविधिमा तीव्र विकास।
- सुशासित गोडैता

सुशासित गोडैता भन्नाले पारदर्शी, उत्तरदायी, जवाफदेही, सहभागितामूलक, कानुनको शासनमा आधारित तथा भ्रष्टाचारमुक्त स्थानीय शासन प्रणालीलाई जनाउँछ।

## सुशासनका प्रमुख पक्षहरू:

- सार्वजनिक सेवामा पारदर्शिता।
- नागरिकमैत्री, छिटोछरितो तथा प्रभावकारी सेवा प्रवाह।
- सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता।
- सार्वजनिक खरिद प्रक्रियामा पारदर्शिता।
- सूचना प्रवाह तथा सार्वजनिक सुनुवाइको नियमित अभ्यास।
- सामाजिक परीक्षण तथा सार्वजनिक लेखापरीक्षण।
- गुनासो व्यवस्थापन प्रणालीको प्रभावकारी सञ्चालन।
- कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास।
- नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा जनसहभागिता।

## अपेक्षित उपलब्धि

- नागरिकको विश्वास अभिवृद्धि।

- [illegible] नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिका समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिने।
- लैङ्गिक हिंसा तथा बालविवाह न्यूनीकरण अभियान सञ्चालन गरिने।

## ८. वातावरण तथा विपद् व्यवस्थापन

- वृक्षारोपण तथा हरित गोडैता अभियान सञ्चालन गरिने।
- जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालन गरिने।
- विपद् पूर्वतयारी तथा उद्धार सामग्री व्यवस्थापन गरिने।
- नदी कटान तथा डुबान नियन्त्रणका कार्यक्रम सञ्चालन गरिने।
- फोहोरमैला व्यवस्थापन तथा सरसफाइ अभियान सञ्चालन गरिने।

## ९. पर्यटन, संस्कृति तथा सम्पदा संरक्षण

- धार्मिक तथा सांस्कृतिक स्थलहरूको संरक्षण गरिने।
- स्थानीय कला, संस्कृति तथा परम्पराको प्रवर्द्धन गरिने।
- आन्तरिक पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिने।
- सांस्कृतिक महोत्सव तथा स्थानीय पहिचान झल्काउने कार्यक्रम सञ्चालन गरिने।

## १०. सूचना प्रविधि तथा डिजिटल सेवा

- नगरपालिका तथा वडा कार्यालयमा पूर्ण डिजिटल अभिलेख प्रणाली लागू गरिने।
- ई-गभर्नेन्स प्रणालीलाई प्रभावकारी बनाइने।
- सार्वजनिक Wi-Fi विस्तार गरिने।
- नागरिक गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गरिने।
- डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिने।

## दिर्घकालिन सोच

गोडैता नगरपालिकाको "समृद्ध गोडैता, सुशासित गोडैता, डिजिटल र आत्मनिर्भर गोडैता" गोडैता नगरपालिकाको दीर्घकालीन विकासको परिकल्पना (Vision) हो। यसले आर्थिक समृद्धि, सुशासन, प्रविधिमैत्री सेवा प्रवाह तथा स्थानीय स्रोत–साधनमा आधारित आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने लक्ष्यलाई समेटेको छ। यसको विस्तृत व्याख्या निम्नानुसार प्रस्तुत गरिएको छ।

### समृद्ध गोडैता

समृद्ध गोडैता भन्नाले नगरपालिकाका प्रत्येक नागरिकको जीवनस्तर उकासिएको, रोजगारीका पर्याप्त अवसर सिर्जना भएको, कृषि, उद्योग व्यापार, पर्यटन तथा सेवा क्षेत्रको सन्तुलित विकास भएको तथा गरिबी न्यूनिकरण भएको नगरलाई जनाउँछ।

- [illegible] तथा अनियमिततामा कमी।
- समयमै गुणस्तरीय सेवा प्रवाह।
- उत्तरदायी तथा जिम्मेवार स्थानीय सरकारको स्थापना।

## डिजिटल गोडैता

डिजिटल गोडैता भन्नाले सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गरी नगरपालिकाका सम्पूर्ण प्रशासनिक, विकासात्मक तथा सार्वजनिक सेवाहरूलाई प्रविधिमैत्री, सरल, छिटो तथा पारदर्शी बनाउने लक्ष्यलाई जनाउँछ।

### डिजिटल गोडैताका प्रमुख आयामहरू:

- ई-गभर्नेन्स प्रणालीको विस्तार।
- अनलाइन सेवा प्रवाह।
- डिजिटल अभिलेख व्यवस्थापन।
- डिजिटल नागरिक सहायता केन्द्र स्थापना।
- वडा कार्यालयहरूलाई पूर्ण डिजिटल प्रणालीमा रूपान्तरण।
- कर, सिफारिस, दर्ता लगायतका सेवाहरू अनलाइनमार्फत उपलब्ध गराउने।
- CCTV तथा Smart Monitoring प्रणाली।
- विद्यालय तथा स्वास्थ्य संस्थामा ICT को प्रयोग।

### अपेक्षित उपलब्धि

- सेवा लिन लाग्ने समय र लागतमा कमी।
- कागजविहीन प्रशासनको विकास।
- पारदर्शिता तथा सेवा प्रभावकारितामा वृद्धि।
- सूचना प्रविधिमार्फत जनसहभागिता विस्तार।

## आत्मनिर्भर गोडैता

आत्मनिर्भर गोडैता भन्नाले स्थानीय स्रोत, साधन, सीप, श्रम तथा उत्पादनको अधिकतम उपयोग गरी आर्थिक रूपमा सक्षम, आत्मनिर्भर तथा दिगो विकास हासिल गरेको नगरलाई जनाउँछ।

### आत्मनिर्भरताका प्रमुख आधारहरू:

- स्थानीय उत्पादनलाई प्राथमिकता।
- कृषि, पशुपालन तथा मत्स्यपालनको व्यवसायीकरण।
- स्थानीय उद्यम तथा उद्योगको विकास।
- सीप विकास तथा रोजगारमूलक तालिम।
- सहकारी तथा वित्तीय पहुँचको विस्तार।

- स्थानीय उत्पादनको ब्राण्डिङ तथा बजारीकरण।
- स्थानीय राजस्वको दायरा विस्तार।
- नवीकरणीय ऊर्जा तथा वातावरण संरक्षण।
- युवालाई उद्यमशीलतामा प्रोत्साहन।
- आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन।

अपेक्षित उपलब्धि

- स्थानीय उत्पादनमा वृद्धि।
- बाह्य निर्भरतामा कमी।
- रोजगारीका अवसर विस्तार।
- नगरपालिकाको आर्थिक आत्मनिर्भरता।
- दिगो आर्थिक विकास।

## समग्र परिकल्पना

"समृद्ध गोडैता, सुशासित गोडैता, डिजिटल र आत्मनिर्भर गोडैता" भन्ने नाराले गोडैता नगरपालिकालाई आर्थिक रूपमा सक्षम, प्रशासनिक रूपमा उत्तरदायी, प्रविधिमैत्री तथा आफ्नै स्रोत–साधनमा आधारित दिगो विकासतर्फ उन्मुख नगरको रूपमा स्थापित गर्ने दीर्घकालीन सोचलाई प्रतिबिम्बित गर्दछ। यस परिकल्पनाको सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, सहकारी, नागरिक समाज विकास साझेदार तथा सम्पूर्ण नगरवासीको सक्रिय सहभागिता, सहकार्य र उत्तरदायित्व आवश्यक हुन्छ।

यस दृष्टिकोण अनुसार गोडैता नगरपालिका आगामी वर्षहरूमा "समृद्ध नागरिक, गुणस्तरीय सेवा, आधुनिक प्रविधि र आत्मनिर्भर स्थानीय अर्थतन्त्र" निर्माण गर्ने लक्ष्यका साथ अघि बढ्नेछ। यो दृष्टिकोणलाई वार्षिक नीति तथा कार्यक्रम, आवधिक योजना, बजेट तथा विकास आयोजनाहरूमा समाहित गरी कार्यान्वयन गरिनेछ।

सम्मानित सभाका सदस्यज्यूहरु

अब म आर्थिक बर्ष २०८३/०८४ को अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न गइरहेछु ।

आ.व.२०८३/०८४ आय अनुमान

गोडैता नगरपालिकाको आ.व.२०८३।०८४ को आय अनुमान

| अनुदानको किसिम | वर्गिकरण | आ.व.०८३।०८४ को प्रस्तावित आय |
|---|---|---|
| संघिय सरकारको अनुदान | बितिय समानिकरण | १२८४००००० |
| | सर्शत अनुदान पुजिगत | ७६००००० |
| | सर्शत अनुदान चालु | २७१२००००० |
| | बिशेष अनुदान | १०००००००० |
| | सम्पुरक अनुदान पुजिगत | २०००००० |
| | जम्मा अनुदान | ४१९२००००० |
| प्रदेश सरकारको अनुदान | बितिय समाकिरण | ८८८७००० |
| | सर्शत अनुदान पुजिगत | ६०००००० |
| | बिशेष अनुदान पुजिगत | ० |
| | बिशेष अनुदान चालुगत | २०००००० |
| | समपुरक अनुदान पुजिगत | ० |
| | जम्मा अनुदान | १६८८७००० |
| राजश्व बाडफाड | संघिय | ११५५०१००० |
| | प्रदेश | ८३५७००० |
| | मालपोत | १२५००००० |
| | आन्तरिक आय | १२०००००० |
| | गत बर्षको आल्या (अनुमानित) | १००००००००० |
| | नगद मौज्दात | ० |
| | जम्मा अनुदान | २४८३५८००० |
| कुल जम्मा | | ६८,४४,४५,०००.०० |

जम्मा रकम रु. ६८ करोड ४४ लाख ४५ हजार मात्र ।

**आदरणीय महानुभावहरु !**

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि संघ सरकार , प्रदेश सरकार र स्थानिय सरकार सबैको सहयोग सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनको लागि सम्पूर्ण सरकारी निकायहरु, विभिन्न राजनीतीक दलहरु, निजी तथ सहकारी क्षेत्र लगायत सबैको सदभाव, सहभागिता र सहयोग हुने विश्वास व्यक्त गर्दै सम्मानित नगर सभावाट रचनात्मक सुझाव सहित नीति तथा कार्यक्रम पारित हुनेछ भन्ने हार्दिक अपेक्षाका साथ बिदा लिन्छु ।

धन्यवाद !

देबेन्द्र कुमार यादव

(नगर प्रमुख)